जिल्ला प्रशासन कार्यालय काठमाडौं
<u>इजलाश</u>
प्रमुख जिल्ला अधिकारी **बसन्त राज गौतम**
**<u>फैसला</u>**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं. ५८

<u>दर्ता मिति</u> :– <u>२०७१/०७/२०</u>

मुद्दा :– **<u>हातहतियार खरखजाना</u>** ।

<u>निर्णय नं.७९८</u> , <u>मिति :– २०७१/०७/२१</u>

| **<u>वादी</u>** | **<u>प्रतिवादी</u>** |
|---|---|
| शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयको पत्र जाहेरीले **नेपाल सरकार**................१ | धनबहादुर तामाङ्गको छोरा जि. काठमाण्डौं, सुन्दरीजल गा.वि.स. वडा नं.४ बस्ने वर्ष ४१ को **डम्मर बहादुर तामाङ्ग** .............. १ |
| निजको प्रमाण................................ | भिमबहादुर तामाङ्गको छोरा जि. काठमाण्डौं, सुन्दरीजल गा.वि.स. वडा नं.४ बस्ने वर्ष ५३ को **सार्की भन्ने जेठा तामाङ्ग** ............ १ |
| साक्षी .............. | निजको प्रमाण ........................................................ |
| कागज....................................... | साक्षी ...................................................................... |
| | कागज ..................................................................... |

मुद्दा :- <u>हातहतियार खरखजना</u> ।

हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–

१. **बरामदी खानतलासी मुचुल्काको व्यहोरा :**
काठमाण्डौ जिल्ला सुन्दरीजल गा.बि.स. वडा न. ४ पसलटोल बस्ने डम्मर बहादुर तामाङ्गको घरको कोठामा बारुद लोड गरेको भरुवा बन्दुक लुकाई छिपाई राखेको भन्ने सुचनाको आधारमा मिति २०७१।६।२७ गतेका दिन शिबापुरी राष्ट्रिय निकुञ्जबाट कर्मचारीहरु खटिई गई भरुवा बन्दुक माग गर्दा ३ इन्च सम्म बारुद लोड गरेको भरुवा बन्दुक १ थान कर्मचारीलाई दिएकाले बरामद गरी लगेको भन्ने समेत व्यहोराको बरामदी खानतलासी मुचुल्का ।

काठमाण्डौ जिल्ला सुन्दरीजल गा.बि.स. वडा न. ४ पसलटोल बस्ने जेठा तामाङ्गको घरमा अबैध रुपमा भरुवा बन्दुक राख्ने गरेको भन्ने सुचनाको आधारमा मिति २०७१।६।२७ गतेका दिन शिबापुरी राष्ट्रिय निकुञ्जबाट कर्मचारीहरु खटिई गई जेठा तामाङ्गको घर खानतलासी गर्दा घरको छानो मुनी घरको भित्तामा केप हेम्मर नभएको पुरानो भरुवा बन्दुक घुसारी राखेको अवस्थामा फेला पारी बरामद गरी लगेको भन्ने समेत व्यहोराको बरामदी खानतलासी मुचुल्का ।

२. **अनुसन्धान प्रतिवेदनको व्यहोरा :**
मिति २०७१।६।२७ गतेका दिन काठमाण्डौ जिल्ला सुन्दरीजल गा.बि.स. वडा न. ४ बस्ने जेठा तामाङ्गको घर कोठाबाट केप हेम्मर नभएको भरुवा बन्दुक थान १ र डम्मर बहादुर तामाङ्गको घर कोठाबाट लोड गरेको अवस्थाको भरुवा बन्दुक १ थान बरामद भएकोमा निजहरुको बयान हुंदा

समेत बन्यजन्तु सिकारमा संलग्न रहेको नदेखिएकोले अबैध हातहतियार खरखजना भएकाले हातहतियार तथा खरखजना ऐन २०१९ बमोजिम अनुसन्धान गर्न पर्ने देखिएको भन्ने समेत व्यहोराको अनुसन्धान प्रतिवेदन ।

३. **शिबवापुरी नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालयको पत्र व्यहोरा :**

मिति २०७१।६।२७ गतेका दिन काठमाण्डौ जिल्ला सुन्दरीजल गा.बि.स. वडा न. ४ बस्ने जेठा तामाङ्ग र डम्बर बहादुर तामाङ्गको घरबाट बरामद भएका भरुवा बन्दुकले बन्यजन्तुको सिकार गरेको नदेखिएको हुंदा अबैध रुपमा हातहतियार राखेको पाइएकोले बरामद भएका केप हेम्मर नभएको भरुवा बन्दुक १ थान,लोड गरेको अवस्थाको बन्दुक १ थान र पक्राउ परेका डम्बर बहादुर तामाङ्ग, जेठा तामाङ्गलाई हातहतियार खरखजना मुद्धामा कारवाहीको लागी पठाइएको भन्ने समेत व्यहोराको शिबापुरी नागार्जुन राष्ट्रिय निकुञ्जको कार्यालयको पत्र ।

४. **प्रतिवादी सार्की भन्ने जेठा तामाङ्गले गरेको वयान व्यहोरा :-**

मेरो बाजेको पाला देखी नै घर कोठामा भरुवा बन्दुक राख्ने गरेको थियो । मेरो बुबा भिम बहादुर तामाङ्ग जिबित रहदा कहिले काँही बिबाह ब्रतबन्धमा बन्दुक पड्काउने गर्नु हुन्थ्यो । बुबाको मृत्यु भइ सकेपछी मैले उक्त भरुवा बन्दुकलाई घरको छानामुनी घरको भित्तामा घुसारेर राख्ने गरेको थिए । मिति २०७१।६।२७ गतेका अ. ११:०० बजेको समयमा म आफ्नो घरमा नै बसी रहदा शिबापुरी राष्ट्रिय निकुञ्जका कर्मचारीहरु आई पुगेर का.जि.सुन्दरीजल ४ स्थित मेरो घर कोठामा चेकजाँच गरी घरको छानामुनी घरको भित्तामा घुसारेर राखेको केप केम्मर नभएको पुरानो भरुवा बन्दुक १ थान फेला पारी बरामद गरी मलाई समेत लगेका हुन मैले हातहतियार राख्ने अनुमती लिदएको छैन मैले उक्त बन्दुकले कुनै पनी जिव जन्तुहरु मारेको पड्काउने गरेको छैन । मेरो बुबा बाजेले के काँहाबाट ल्याएका हुन मलाई थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी सार्की भन्ने जेठा तामाङ्गले गरेको बयान कागज ।

५. **प्रतिवादी डम्मर बहादुर तामाङ्गले गरेको बयान व्यहोरा :**

मेरो बाजेको पाला देखी नै घर कोठामा भरुवा बन्दुक राख्ने गरेको थियो । मेरो बुबा भिम बहादुर तामाङ्ग जिबित रहदा कहिले काँही बिबाह ब्रतबन्धमा बन्दुक पड्काउने गर्नु हुन्थ्यो । मेरो बुबाले मलाई भरुवा बन्दुकमा छर्रा लोड गर्न सिकाउनु भएको थियो । बुबाको मृत्यु भई सकेपछी मैले उक्त बन्दुकले बारीमा आएका बादर बदेल लखेट्नको लागी पड्काउने गरेको थिए । त्यसपछी बन्दुक आफ्नै घरमा सुरक्षीत राखेर रोजगारको लागी बिदेश गई नेपालमा फर्केपछी बारीमा बादर बदेललाई लखेट्नको लागी मिति २०७० सालको माघ महिनातिर घरमा भएको भरुवा बन्दुकमा सलाईको बारुद कपडाहरु लोड गरेर आफ्नै घरमा राखेकोमा मिति २०७१।६।२७ गतेका दिन शिबापुरी राष्ट्रिय निकुञ्जका कर्मचारीहरु आई पुगेर लोड गरी राखेको भरुवा बन्दुक १ थान बरामद गरी मलाई समेत लगेका हुन मैले हातहतियार राख्ने अनुमती लिदएको छैन मैले उक्त बन्दुकले कुनै पनी जिव जन्तुहरु मारेको छैन । मेरो बुबा बाजेले के काँहाबाट ल्याएका हुन मलाई थाहा भएन। मैले अनुमती नलिई बन्दुक राख्ने पड्काउने गर्नु गल्ती भयो भन्ने समेत व्यहोराको प्रतिवादी डम्बर बहादुर तामाङ्गले गरेको बयान कागज ।

६. **परीक्षणको लागी पठाइएको पत्र व्यहोरा :**

प्रतिवादी सार्की भन्ने जेठा तामाङ्ग र डम्बर बहादुर तामाङ्गको घरको कोठाबाट बरामद भएको केप हेम्मर नभएको भरुवा बन्दुक १ थान र लोड गरेको अवस्थाको भरुवा बन्दुक १ थान परीक्षणको लागी पठाइएको भन्ने समेत व्यहोराको केन्द्रिय प्रहरी बिधी बिज्ञान प्रयोगशाला महाराजगन्जलाई लेखेको पत्र ।

७. **बुझिएका मानिसहरुले गरेको कागज व्यहोरा :**

काठमाण्डौ जिल्ला सुन्दरीजल गा.बि.स. वडा न. ४ स्थित छिमेकी डम्बर बहादुर तामाङ्ग र जेठा तामाङ्गले आफ्नो घरमा अबैध रुपमा भरुवा बन्दुक राखी प्रतिवादी मध्येका डम्बर बहादुर तामाङ्गको चाँही चल्ने बन्दुक थियो । मिति २०७१।६।२७ गतेका दिन शिबापुरी राष्ट्रिय निकुञ्जका कर्मचारीहरु आई पुगेर प्रतिवादीहरु डम्बर बहादुर तामाङ्ग र सार्की भन्ने जेठा तामाङ्गको घर कोठामा चेकजाँच गरी डम्बर बहादुर तामाङ्गको घरबाट लोड गरेको अवस्थाको बन्दुक १ थान र

प्रतिवादी सार्की भन्ने जेठा तामाङ्गको घरबाट केप हेम्बर नभएको पुरानो अवस्थाको भरुवा बन्दुक १ थान फेला पारी बरामद गरी लगेका हुन निजहरुले बिना इजाजत अबैध रुपमा हातहतियार खर खजना संचय गरी राख्ने गरेको हुंदा निजहरु उपर कानुन बमोजिम कारवाही होस भन्ने समेत व्यहोराको प्राय एकै मिलानको बुझीएका जित बहादुर तामाङ्ग, बिर बहादुर तामाङ्ग र राजबिर तामाङ्गले दफा दफामा गरेको कागज ।

८. माथि विवेचित आधार, कारण एवं प्रमाणहरु समेतबाट यी प्रतिवादीहरुको घर कोठाबाट लुकाई छिपाई राखेको अवस्थामा अवैध हातहतियार खरखजाना वरामद भएकोले प्रतिवादीहरु डम्वर बहादुर तामाङ्ग र सार्की भन्ने जेठा तामाङ्गको उक्त कार्य हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) बमोजिमको कसूर रहेको भन्ने पुष्टि भएकोले निज प्रतिवादीहरु डम्वर बहादुर तामाङ्ग र सार्की भन्ने जेठा तामाङ्गलाई सोही ऐनको दफा २०(२)(क) तथा २०(३)(क) बमोजिम सजाय गरी वरामद भएको हातहतियार खरखजाना सोही ऐनको दफा १६ नं. बमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

## यस कार्यालयको ठहर

मिति २०७१।७।२० मा यस कार्यालयमा पेश भई प्रतिवादीहरुको बयान कार्य आजै सम्पन्न भएको प्रस्तुत मुद्दामा यी प्रतिवादीहरुको घर कोठाबाट लुकाई छिपाई राखेको अवस्थामा अवैध हातहतियार खरखजाना वरामद भएकोले प्रतिवादीहरु डम्वर बहादुर तामाङ्ग र सार्की भन्ने जेठा तामाङ्गको उक्त कार्य हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) बमोजिमको कसूर रहेको भन्ने पुष्टि भएकोले निज प्रतिवादीहरु डम्वर बहादुर तामाङ्ग र सार्की भन्ने जेठा तामाङ्गलाई सोही ऐनको दफा २०(२)(क) तथा २०(३)(क) बमोजिम सजाय गरी वरामद भएको हातहतियार खरखजाना सोही ऐनको दफा १६ नं. बमोजिम जफत गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी रहेछ ।

यसमा प्रतिवादीहरु डम्वर बहादुर तामाङ्ग र सार्की भन्ने जेठा तामाङ्गले अभियोग माग दावी बमोजिमको कसुर गरेका हुन् होइनन्, कसुर गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने भएको छ ।

मिसिल संलग्न कागजातहरु अध्ययन गरी अब निर्णयतर्फ बिचार गर्दा मिति २०७१।६।२७ गतेका दिन शिबापुरी राष्ट्रिय निकुञ्जबाट कर्मचारीहरुको टोलीले काठमाण्डौ जिल्ला सुन्दरीजल गा.बि.स. वडा न. ४ पसलटोल बस्ने डम्मर बहादुर तामाङ्गको घरको कोठामा बारुद लोड गरेको भरुवा बन्दुक थान-१, ऐ बस्ने जेठा तामाङ्गको घरको छानो मुनी घरको भित्तामा केप हेम्मर नभएको पुरानो भरुवा बन्दुक थान-१ वरामद भएको भन्ने मिति २०७१।६।२७ गतेका २ अलग अलग बरामदी खानतलासी मुचुल्का भई सो को रोहवरमा सम्बन्धित प्रतवादीहरुले सहीछाप गरेको देखियो ।

अनुसन्धानको क्रममा प्रतिवादी डम्मर बहादुर तामाङले  बाजेको पाला देखी नै घर कोठामा भरुवा बन्दुक राख्ने गरेको, बुबा भिम बहादुर तामाङ्ग जिबित रहदा कहिले काँही बिबाह ब्रतबन्धमा बन्दुक पड्काउने गर्नु हुन्थ्यो । बुबाको मृत्यु भई सकेपछी मैले उक्त बन्दुकले बारीमा आएका बादर बदेल लखेट्नको लागी पड्काउने गरेको, बन्दुक आफ्नै घरमा सुरक्षीत राखेर रोजगारको लागी बिदेश गई नेपालमा फर्केपछी बारीमा बादर बदेललाई लखेट्नको लागी मिति २०७० सालको माघ महिनातिर घरमा भएको भरुवा बन्दुकमा सलाईको बारुद कपडाहरु लोड गरेर आफ्नै घरमा राखेकोमा मिति २०७१।६।२७ गतेका दिन शिबापुरी राष्ट्रिय निकुञ्जका कर्मचारीहरु आई पुगेर लोड गरी राखेको भरुवा बन्दुक १ थान बरामद गरी मलाई समेत लगेका, आफुले हातहतियार राख्ने अनुमती नलिएको, उक्त बन्दुकले कुनै पनी जिव जन्तुहरु नमारेको, बन्दुक बुबा बाजेले के काँहाबाट ल्याएका हुन थाह नभएको भनी खुलाई यस कार्यालय समक्ष बयान गर्दा उल्लेखित बारुद लोड भएको भरुवा बन्दुक थान-१ मेरो घरमा बाजेको पालादेखि थियो । मैले २०४८ सालदेखि देखेको हुँ । म रोजगारीका लागि मलेसिया, कतार गई रहेको हून्थे । बन्दुक कहिं कतै दुरुयोग गरेको छैन । खेतीबारीमा नजिकै निकुञ्जका जनावरहरु आई अन्नबाली सखाप पारी दिने हुनाले बाँदर, बँदेल तर्साउन कहिले काँही प्रयोग गरेकोसम्म हो ।  राष्ट्रिय निकुञ्ज कार्यालयका

कर्मचारीहरु घरमा आए पछि उक्त बन्दक म आँफैले बुझाई दिएको हुँ । बरामदी मुचुल्का व्यहोरा ठीक साँचो हो, त्यसमा उल्लेखित सहिछाप मेरै हो । अनुसन्धानको क्रममा भएको बयान व्यहोरा मेरै हो, हातहतियार खरखजाना राख्ने इजाजत छैन, साक्षी प्रमाण छैन, बाजेको पालादेखिको बन्दुक घरमा रहेको हो, दुरुपयोग गरेको छैन, लाइसेन्स नभएको बन्दुक राज्यलाई फिर्ता नगर्नु मेरो गल्ती भयो, कानुनले मिल्ने सम्म छुट गरी सजाँय भोग्न मञ्जुर छु भनी खुलाएको देखियो ।

प्रतिवादी सार्की भन्ने जेठा तामाङ्गले अनुसन्धानको क्रममा बयान गर्दा बाजेको पाला देखी नै घर कोठामा भरुवा बन्दुक राख्ने गरेको, बुबा भिम बहादुर तामाङ्ग जिबित रहदा कहिले काँही बिबाह ब्रतबन्धमा बन्दुक पड्काउने गर्नु हुन्थ्यो । बुबाको मृत्यु भइ सकेपछी उक्त भरुवा बन्दुकलाई घरको छानामुनी घरको भित्तामा घुसारेर राख्ने गरेको, मिति २०७१।६।२७ गतेका अ. ११:०० बजेको समयमा आफ्नो घरमा नै बसी रहदा शिबापुरी राष्ट्रिय निकुञ्जका कर्मचारीहरु आई घर कोठामा चेकजाँच गरी घरको छानामुनी घरको भित्तामा घुसारेर राखेको केप केम्मर नभएको पुरानो भरुवा बन्दुक १ थान फेला पारी बरामद गरी मलाई समेत लगेका भनी खुलाई यस कार्यालय समक्ष बयान गर्दा उल्लेखित भरुवा बन्दुक थान-१ मेरो घरमा बाजेको पालादेखि थियो । म सानो छँदा नै घरमा थियो । बन्दुक कहिं कतै दुरुयोग गरेको छैन । खेतीबारीमा नजिकै निकुञ्जका जनावरहरु आई अन्नबाली सखाप पारी दिने हुनाले बाँदर, बँदेल तर्साउन कहिले काँही प्रयोग गरेकोसम्म हो । राष्ट्रिय निकुञ्ज कार्यालयका कर्मचारीहरु घरमा आए पछि उक्त बन्दक म आँफैले बुझाई दिएको हुँ । बरामदी मुचुल्का व्यहोरा ठीक साँचो हो, त्यसमा उल्लेखित सहिछाप मेरै हो । अनुसन्धानको क्रममा भएको बयान व्यहोरा मेरै हो अनुसन्धानको क्रममा भएको बयान व्यहोरा मेरै हो, हातहतियार खरखजाना राख्ने इजाजत छैन, साक्षी प्रमाण छैन, बाजेको पालादेखिको बन्दुक घरमा रहेको हो, दुरुपयोग गरेको छैन, लाइसेन्स नभएको बन्दुक राज्यलाई फिर्ता नगर्नु मेरो गल्ती भयो, कानुनले मिल्ने सम्म छुट गरी सजाँय भोग्न मञ्जुर छु भनी खुलाएको देखियो ।

डम्बर बहादुर तामाङ्ग र जेठा तामाङ्गको घर कोठाबाट अलग अलग बन्दुक थान-२ बरामद भएको हो । निजहरुले बिना इजाजत अबैध रुपमा हातहतियार खर खजना संचय गरी राख्ने गरेको हुंदा निजहरु उपर कानुन बमोजिम कारवाही होस भनी अनुसन्धानको क्रममा बुझीएका जित बहादुर तामाङ्ग, बिर बहादुर तामाङ्ग र राजबिर तामाङ्गले कागज गरेका रहेछन् ।

अतः मिति २०७१।६।२७ को अलग अलग वरामदी मुचुल्का थान-२ र सो मुचुल्काहरुको रोहवरमा यी प्रतिवादीहरुको सहीछाप, प्रतिवादीहरुले अनुसन्धानको क्रममा र यस कार्यालयमा गरेको साविती बयान, बुझिएका मानिसहरुले गरेको कागज र प्रतिवादीहरुले आफ्ना साक्षी प्रमाण केही छैन भनी खुलाएकोले प्रतिवादीहरु डम्वर बहादुर तामाङ्ग र सार्की भन्ने जेठा तामाङ्गले लाईसेन्स नलिई हातहतियार आफुसाथ राखी हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२) विपरितको कसुर अपराध गरेको ठहर्छ । सो ठहर्नाले सजाँयतर्फ बिचार गर्दा वरामद हतियारहरु भरुवा बन्दुक रहेका, उल्लेखित बन्दुकहरु कतै दुरुपयोग भएको भन्ने प्रमाण मिसिलमा नदेखिएको, प्रतिवादीहरुको निकुञ्ज क्षेत्र आसपासको प्राकृतिक बसोबासको अवस्थालाई ध्यानमा राख्दा बाँदर, बँदेल जस्ता जनावरहरुबाट खेतीबाली रक्षा गर्न तर्साउने प्रयोजनका लागि पड्काउने गरिएकोसम्म देखिएकाले प्रतिवादीहरुलाई कैदको सजाँय गर्दा चर्को पर्न जाने भएकाले हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) (क) बमोजिम जनही रु. ६०,०००/-( साठीहजार रुपैयाँ) जरिवाना हुन्छ । वरामद भएको बन्दुक थान-२ ऐ. दफा १६ बमोजिम जफत हुन्छ । प्रतिवादीहरुको साथबाट छुट्टै रुपमा खरखजाना वरामद भएको नदेखिएकाले प्रतिवादीहरुलाई ऐ दफा २०( ३)(क) बमोजिम सजाँय गरी पाँउ भन्ने अभियोग माग दावी पुग्न सक्दैन ।

यस अभियोग पत्रमा दावी लिइएको हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(३) (क) सम्बन्धमा केही न्यायिक टिप्पणी गर्न सान्दर्भिक देखिन आयो । वादी नेपाल सरकार प्रतिवादी अर्जुन लामासमेत भई जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौंबाट मिति २०७०।८।६ मा दायर र प्रतिवादी मोहमद आरिफ खानसमेत भई मिति २०७०।९।२२ मा दायर हातहतियार खरखजाना मुद्दाहरुमा पेस्तोल र गोलीहरुसमेत वरामद भई मुद्दाको उठान भएता पनि अभियोग माग दावीमा हातहतियार खरखजाना ऐन, २०१९ को दफा २०(२) बमोजिमको मात्र सजाँयको माग दावी लिइ ऐ दफा २०(३) सम्बन्धमा केही नबोलेको देखिन्छ । प्रतिवादी मोहमद आरिफ खानसमेत भएको मुद्दामा ऐ दफा २०(२) बमोजिम कसुरदार ठह-याउने गरी मिति २०७१।६।२३ मा यसै कार्यालयबाट फैसला समेत भई सकेको छ । सोही प्रकृतीका

अन्य मुद्दाहरुमा दफा २०(२) र २०(३) बमोजिमको सजाँयको माग दावी लिइएको देखिदा समान तथ्यमा अलग अलग सजाँय हुन सक्ने अवस्था भई न्याय प्रदान गर्ने कार्यमा पनि समानता कायम नहुने संभावना रहन्छ । *वादी दावी भन्दा बाहिर गई वा वादीले दावी लिएको भन्दा बढी विषयमा अदालतले निर्णय गर्न नमिल्ने* भनी सम्मानित सर्वोच्च अदालतबाट नजिरसमेत प्रतिपादन भएको (ने.का.प., २०५०, अंक ९, नि.नं. ४७९६) ले दफा २०(२) को मात्र दावी लिइएको अवस्थामा दफा २०(३) सम्बन्धमा बोल्न मिलेन । अर्को तर्फ *अभियोग ठीक भएन, यस्तो अभियोग लाग्नु पर्ने हो भनी अदालतले निर्देश गर्ने हो भने अदालत स्वयं मुद्दाको एउटा पक्ष बन्न पुग्दछ जो न्यायको सर्वमान्य सिद्धान्त विपरित हुन्छ* (सिताशरण मण्डल वि. नेपाल सरकार, ने.का.प. २०६६, फाल्गुन, नि.नं. ८२६६, पृ.१८७९) । तसर्थ समान प्रकृतीका वारदातमा फरक फरक अभियोग माग दावी हुनुमा हाम्रो फौजदारी न्याय प्रणालीमा वा कानुनको व्याख्यामा कहिं कतै कमजोरी छ । यसको असर न्याय निरुपणमा समेत परेको छ ।

यस मुद्दाका हकमा तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मू.ऐ. अ.बं. १८६ नं. बमोजिम फैसला गरिदिंए ।

तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु डम्वर बहादुर तामाङ्ग र सार्की भन्ने जेठा तामाङ्गलाई जनही रु ६०,०००।- (साठी हजार रुपैयाँ) जरिवाना हुने ठहरेकोले निजहरुलाई ठहरेको जरिवाना मू.ऐ. अ.बं. १२० नं. तथा दण्ड सजाँयको महलको ५३ नं. बमोजिम कट्टा गरी दाखिला गरे थुनाबाट छाडिदिनु, जरिवाना दाखिला नगरे दण्ड सजाँयको महलको ३८(२) बमोजिम जनही २ बर्ष ६ महिना कैदमा बस्ने गरी प्रतिवादीहरुलाई कैदी पूर्जी दिई कारागारलाई लेखी पठाउनु......................१

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिनभित्र पुनरावेदन अदालत पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरु र जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौंलाई पुनरावेदन म्याद र फैसलाको जानकारी दिनु................................................................ .... ........................२

वरामद हतियार जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु..............................................................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू . ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ....................................................................५

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले टिपाउनु भए बमोजिम
टिपी कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा

.................................
(बसन्त राज गौतम)
प्रमख जिल्ला अधिकारी

इति सम्बत् २०७१ साल कार्तिक २१ गते रोज ६ शुभम् ...................................................................